चौरजहारी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

०८८-४०११४६,९८५७८२६१११
ito.chaurjaharimun@gmail.com


प.स. : २०८१/०८२
च.नं. : १४६५

मिति : २०८१/१२/०४
ने.स. : ११४५ चिल्लागा ३ सोमवार

विषय :- जानकारी सम्बन्धमा ।

**श्री सामुदायिक वन उपभोक्ता समूह (सबै)**
**श्री कृषि सहकारी**
**श्री कृषक समूह**
**श्री कृषक, व्यवसायी र उद्यमीहरू**
**चौरजहारी नगरपालिका, रुकुम (पश्चिम) ।**

उपर्युक्त विषयमा डिभिजन वन कार्यालय, रुकुम (पश्चिम) को च.नं. ९०१, ९०२ र ९०३ मिति २०८१/११/२८ गतेका सूचनाहरू यसैसाथ संलग्न गरिएको छ । सोही सूचनाको अध्ययन गरी कार्यक्रममा सहभागी हुन इच्छुक कृषक, समुह, सहकारी, व्यवसायी, उद्यमीहरूले उक्त सूचनाअनुसार प्रस्ताव पेस गर्ने जानकारीको लागि अनुरोध छ ।

..............
शेरप्रशाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत



CamScanner

कर्णाली प्रदेश सरकार

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, रुकुम (पश्चिम)

प.सः-२०८१-८२

कार्यालय कोड-३०७०२५९०१६

च.नः-

**प्रस्ताव पत्र आव्हान सम्बन्धि डिभिजन वन कार्यालय रुकुम पश्चिमको सुचना।**

**(सुचना प्रकाशित मितिः २०८१।११।२८ गते)**

यस डिभिजन वन कार्यालय रुकुम पश्चिमको चालु आ.व २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका कार्यक्रमहरुमा बजेट विनियोजन भई आएकोले उक्त कार्यक्रममा सहभागी हुन इच्छुक कृषक/समुह/सहकारी/व्यवसायि/उद्यमिहरुले प्रस्तावना (प्राविधिक तथा आर्थिक) सुचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र प्रस्ताव यस कार्यालयमा पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ। साथै पूर्ण व्यहोराको सुचनाको विवरण डिभिजन वन कार्यालय, सब/डिभिजन वन कार्यालयहरुको सुचना पाटी र आधिकारिक वेवसाइटबाट प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइन्छ।

**तपशिल**

| क्र.स. | कार्यक्रमको नाम | बजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | वृक्षारोपण कार्ययोजना कार्यन्वियन | १० लाख | जिल्लाको पञ्चवर्षिय वृक्षारोपण योजनाको अधिनमा रही, सडक किनारा वृक्षारोपण, पहिरो नियन्त्रण वृक्षारोपण, सामुदायिक/कबुलियती वन उपभोक्ता समुहले सामुहिक रुपमा तथा निजी जग्गाहरुमा नयाँ वृक्षारोपणका लागि प्रस्ताव पेश गर्न सकिने (नयाँ क्षेत्रमा वृक्षारोपणका लागि रु. ८ (आठ) लाख र पुराना वृक्षारोपण संरक्षणको लागि रु. २ (दुई) लाख) |
| २ | नदी उकास जग्गामा वृक्षारोपण | २ लाख | स्थानिय समुहहरु (नयाँ तथा पुराना समुहमार्फत) खोला, नदीको किनारा तथा नदी उकास क्षेत्रमा वृक्षारोपणको लागि प्रशताव पेश गर्न सकिने |
| ३ | कृषि वन/निजि वन प्रवदन कार्यक्रम | ३ लाख | निजी कृषक, समुह, सहकारी तथा व्यवसायिक फर्म मार्फत प्रस्ताव पेश गर्न सकिने |
| ४ | पकेट क्षेत्रमा जडिबुटी खेति विस्तार | ४ लाख | त्रिवेणीः वडा नं. २ र ९, आठविसकोट वडा नं. ११ र १४, मुसिकोट वडा नं. १, बाफिंकोट वडा नं. ६ र ७, सानिभेरी १ र ६ मात्र (प्रजातिहरुः टिमुर, चिउरी, लैठ सल्ला, काउलो, तेजपात र रोजमेरी) |
| ५ | प्राकृतिक रुपमा रहेका जडिबुटी संरक्षण | ४ लाख | प्रति सामुदायिक वन उपभोक्ता समितिले रु. १ (एक) लाखको दरले उत्कृष्ट ४ वटा सामुदायिक वन छनोट गरिने। |

**नोटः**

१. विगत ३ (तीन) आ.व. भित्रमा प्रदेश सरकारका कुनै पनि निकायबाट सोहि कार्यक्रमहरुमा अनुदान प्राप्त गरेका अनुदानग्राहीहरुलाई अनुदान दिईने छैन।
२. प्रशतावहरु खोलीसकेपछि स्थलगत निरिक्षण र फिल्ड भेरिफिकेसनपश्चात मात्र अनुदान प्रक्रिया अघि बढाईने छ।

"व्यावसायिक र सिर्जनशिल प्रशासन : विकास, समद्वि र सुशासन"

फोन नं.:-०८८-५३०३४९

प्रश्तावनाको साथ पेश गर्नुपर्ने कागनजातहरुको विवरणः

क. पेश गर्नुपर्ने कागजातहरु

१. उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको वर्षिक कार्यक्रम कार्यन्वयन एकीककृत कार्यविधि, २०८१ को अनुसुची २ बमोजिमको तोकिएको आवेदनको ढाचाँमा निवेदन (रु १० को टिकट सहित)।

२. स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी ।

३. व्यक्तिगत प्रश्तावकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

४. निजी जग्गामा उद्योग गर्नको लागि जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी, तिरो तिरेको रसिद। अन्य व्यक्तिको जग्गा भाडामा लिनुपर्ने भएमा जग्गाधनीसँग कम्तिमा १० वर्षको लागि गरिएको सम्झौता पत्र वा मञ्जुरीनामा पत्र ।

५. व्यवसायिक फर्म भए दर्ता, नविकरण र करचुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु ।

६. कबुलियती वन समुह/सामुदायिक वन/समुह/सहकारीले समितिको निर्णय, स्थायी लेखा नम्बर, लेखा परिक्षण प्रतिवेदन र नविकरण प्रमाणपत्र।

७. सम्बन्धित योजना अनुसारको तालिम वा अनुभव प्राप्त गरेको भए सो को प्रमाणपत्रको प्रतिलिपी ।

८. अघिल्ला तिन आ.व.मा अनुदान नलिएको स्वघोषणा पत्र ।

९. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

१०. सम्बन्धित सब डिभिजन वन कार्यालयको सिफारिस पत्र ।

ख. प्रश्ताव सम्बन्धि अन्य व्यवस्था

१. म्याद नाघि प्राप्त भएको प्रस्ताव पत्र उपर कुनै कारवाहि हुने छैन ।

२. सार्वजनिक खरिद अनुगमन कार्यालयले कालो सुचिमा राखेका व्यक्ति, फर्म संस्था वा सहकारीले भाग लिन पाउने छैनन् ।

३. प्रस्ताव पत्रको लागि प्रकाशित सुचना अनुसार आवश्यक पर्ने सम्पुर्ण कागजातहरु अनिवार्य रुपमा प्रस्ताव पत्र साथ पेश गर्नुपर्ने अन्यथा प्रस्ताव पत्र मान्य हुने छैन ।

४. विगत ३ (तिन) वर्ष मा अनुदान प्राप्त गरेका उस्तै प्रकृतिका प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।

५. अनुदानग्राहीको तर्फबाट पेश गर्नुपर्ने साझेदारीः अनुदान रकमको सिमा सहकारी र लक्षित वर्गको लागि संचालन हुने कार्यक्रमको हकमा कुल लागतको अधिकतम ७० प्रतिशतसम्म र निजि फर्म वा उद्यमीको हकमा ५० प्रतिशतसम्म हुनेछ।

६. प्रस्ताव पत्र सम्बन्धि अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ ।

CamScanner

कर्णाली प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, रुकुम (पश्चिम)

प.सः-२०८१-८२ कार्यालय कोडः-३०७०२५१०१६

च.नः- ८०३

## सामुदयिक वनको दिगो वन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यन्वयन कार्यक्रममा सहभागि हुनको लागि आवेदन पेश गर्ने बारे सुचना

*(सुचना प्रकाशित मितिः २०८१।११।२८ गते)*

*यस डिभिजन वन कार्यलिय रुकुम पश्चिमको चालु आ.व २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत* तपसिल बमोजिमका कार्यक्रमहरुमा बजेट विनियोजन भई आएकोले उक्त कार्यक्रममा सहभागी हुन इच्छुक जिल्लाका उत्पादनशिल सामुदायिक वन उपभोक्ता समुहहरुले आवेदनको सुचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र आवेदन यस कार्यालयमा पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ। साथै पूर्ण व्होराको सुचनाको विवरण डिभिजन वन कार्यालय, सब/डिभिजन वन कार्यालयहरुको सुचना पाटी र आधिकारिक वेवसाइटबाट प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइन्छ।

तपशिल

| क्र.स. | कार्यक्रमको नाम | बजेट रु. लाखमा | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक वनको दिगो वन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यन्वयन | १२ लाख | कर्णाली प्रदेश दिगो वन व्यवस्थापन कार्यविधि २०८१ बमोजिम कार्ययोजना तयार गरी कार्यन्वयन गर्नका लागि प्रति सामुदायिक वन उपभोक्ता समुहले रु. १ (एक) लाखका दरले १२ वटा सामुदायिक वन उपभोक्ता समुह छनोट हुने। |

नोटः

१. बिगत ३ (तीन) आ.व. भित्रमा प्रदेश सरकारका कुनै पनि निकायबाट सोहि कार्यक्रमहरुमा अनुदान प्राप्त गरेका अनुदानग्राहीहरुलाई अनुदान दिईने छैन।

२. प्रश्तावहरु खोलीसकेपछि स्थलगत निरिक्षण र फिल्ड भेरिफिकेसनपश्चात मात्र अनुदान प्रक्रिया अघि बढाईने छ।

३. आम भेलाको निर्णय र सम्वन्धित सव डिभिजन वन कार्यलयको सिफरिस पत्र सहित निर्णय पेश गर्नु पर्ने छ।

"व्यावसायिक र सिर्जनशिल प्रशासन : विकास, समद्धि र सुशासन"
फोन नं.:-०८८-५३०३४९
ईमेल :- dforukum@gmail.com

CamScanner

## प्रस्तावनाको साथ पेश गर्नुपर्ने कागनजातहरुको विवरण:

### क. पेश गर्नुपर्ने कागजातहरु

१. उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको वर्षिक कार्यक्रम कार्यन्वयन एकीककृत कार्यविधि, २०८१ को अनुसुची २ बमोजिमको तोकिएको आवेदनको ढाचाँमा निवेदन (रु १० को टिकट सहित)।

२. सामुदायिक वन उपभोक्ता समितिको निर्णय, स्थायी लेखा नम्बर, लेखा परिक्षण प्रतिवेदन र नविकरण प्रमाणपत्र।

३. सम्बन्धित योजना अनुसारको तालिम वा अनुभव प्राप्त गरेको भए सो को प्रमाणपत्रको प्रतिलिपी ।

४. अघिल्ला तिन आ.व.मा अनुदान नलिएको स्वघोषणा पत्र ।

५. सम्बन्धित सब डिभिजन वन कार्यालयको सिफारिस पत्र ।

### ख. प्रश्ताव सम्बन्धि अन्य व्यवस्था

१. म्याद नाघि प्राप्त भएको प्रस्ताव पत्र उपर कुनै कारवाहि हुने छैन ।

२. प्रस्ताव पत्रको लागि प्रकाशित सूचना अनुसार आवश्यक पर्ने सम्पुर्ण कागजातहरु अनिवार्य रुपमा प्रस्ताव पत्र साथ पेश गर्नुपर्ने अन्यथा प्रस्ताव पत्र मान्य हुने छैन ।

३. प्रस्ताव पत्र सम्बन्धि अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ ।

२०८१।११।२८

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
डिभिजन वन कार्यालय, रुकुम (पश्चिम)
प.सः-२०८१-८२
कार्यालय कोडः ३०७०२५१०१६
च.नः-

**वन पैदावारमा आधारित नविनतम उद्योग स्थापना तथा सन्चालन सहयोग कार्यक्रममा प्रस्ताव आव्हान सम्बन्धि सुचना**

**(सुचना प्रकाशित मितिः २०८१।११।२८ गते)**

यस डिभिजन वन कार्यालय रुकुम पश्चिमको चालु आ.व २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका कार्यक्रमहरुमा बजेट विनियोजन भई आएकोले उक्त कार्यक्रममा सहभागी हुन इच्छुक जिल्लाका उत्पादनशिल सामुदायिक वन उपभोक्ता समुहहरुले यो सुचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र प्रस्ताव यस कार्यालयमा पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ। साथै पूर्ण व्यहोराको सुचनाको विवरण डिभिजन वन कार्यालयको सुचना पाटी र आधिकारिक वेवसाइटबाट प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइन्छ।

**तपशिल**

| क्र.स. | कार्यक्रमको नाम | बजेट रु. लाखमा | कैफियत |
|---|---|---|---|
| १ | वन पैदावारमा आधारित नविनतम उद्योग स्थापना तथा सञ्चालन सहयोग | ५ लाख | वन पैदावारमा आधारित साना/लघु उद्योगहरुले प्रस्ताव पेश गर्न सकिने |

**नोटः**

१. बिगत ३ (तीन) आ.व. भित्रमा प्रदेश सरकारका कुनै पनि निकायबाट सोहि कार्यक्रमहरुमा अनुदान प्राप्त गरेका अनुदानग्राहीहरुलाई अनुदान दिईने छैन।
२. प्रश्तावहरु खोलीसकेपछि स्थलगत निरिक्षण र फिल्ड भेरिफिकेसन पश्चात मात्र अनुदान प्रक्रिया अघि बढाईने छ।
३. प्रस्तावको मुल्याकन कर्णाली प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वार्षिक कार्यविधि २०८१ को अनुसुची-७ खण्ड (क) अन्तरगत उल्लेख भए बमोजिम हुने छ।

"व्यावसायिक र सिर्जनशिल प्रशासन : विकास, समद्धि र सुशासन"
फोन नं.:- ०८८-५३०३४९
ईमेल :- dforukum@gmail.com

CamScanner

## प्रश्तावनाको साथ पेश गर्नुपर्ने कागनजातहरुको विवरण:

### क. पेश गर्नुपर्ने कागजातहरु

१. उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको वर्षिक कार्यक्रम कार्यन्वयन एकीककृत कार्यविधि, २०८१ को अनुसुची २ बमोजिमको तोकिएको आवेदनको ढाचाँमा निवेदन (रु १० को टिकट सहित)।

२. स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी ।

३. व्यक्तिगत प्रश्तावकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

४. निजी जग्गामा उद्योग गर्नको लागि जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी, तिरो तिरेको रसिद। अन्य व्यक्तिको जग्गा भाडामा लिनुपर्ने भएमा जग्गाधनीसँग कम्तिमा १० वर्षको लागि गरिएको सम्झौता पत्र वा मञ्जुरीनामा पत्र ।

५. व्यवसायिक फर्म भए दर्ता, नविकरण र करचुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु ।

६. सम्बन्धित योजना अनुसारको तालिम वा अनुभव प्राप्त गरेको भए सो को प्रमाणपत्रको प्रतिलिपी ।

७. अघिल्ला तिन आ.व.मा अनुदान नलिएको स्वघोषणा पत्र ।

८. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

९. सम्बन्धित सब डिभिजन वन कार्यालयको सिफारिस पत्र ।

### ख. प्राविधिक प्रश्तावनाको ढाँचा:

१. **योजनाको पृष्ठभुमीः** (स्थानको भौगोलिक जानकारी सहतिको विवरण)

२. **योजनाका उद्धेश्यहरुः** (के, कती परिमाणमा )

३. **योजनाबाट लाभान्वित घरधुरी संख्या र जनसंख्या विवरणः** ( महिला, पुरुष, जनजाती आदी खुलाउने)

४. **प्रश्तावको क्षमता र अनुभवः** (प्रश्तावकले विगतमा सोही प्रकृतिका क्रियाकलाप गरेको वा नगरेको, तालिम, शिक्षा वा अनुभवको विवरण खुलाउने)

४. **योजना संचालन गर्ने विधिः** (संचालन गरिने मुख्य क्रियाकलापहरुको विवरण क्रमशः बुँदागत रुपमा खुलाई सकेसम्म स्पष्टरुपमा व्याख्या गर्नु पर्नेछ )

४. **योजनाको लागि आवश्यक पर्ने जनशक्तिहरुः** (प्राविधिक जनशक्ति चाहिने भएमा कती र कसरी प्राप्त गरिने हो सो को विवरण खुलाउने, हेरालु समेत आवश्यक पर्ने भएमा खुलाउने )

५. **योजना संचालनको लागि आवश्यक पुर्वाधार तथा सामाग्रीहरुः** (यस योजनाको कार्यन्वयनको लागि निर्माण गरिने पुर्वाधारहरु, खरिद गर्ने मेसिनरी औजाहरु, मल, कम्पोष्ट, सिंचाई आदी र सो को परिमाण समेत खुलाउने ।

६. **कच्चा पदार्थको विवरणः** नर्सरी बिरुवाहरु, अन्य आवश्यक कच्चा पदार्थहरुको विवरण खुलाउने ।

७. **योजना संचालनको दिगोपनः** (योजनाको दिर्घकालिन व्यवस्था तथा उत्पादनको बजारीकरण सम्बन्धि विवरण खुलाउने)

८. **कार्यक्रम सम्पन्न हुन लाग्ने समयः** (विभिन्न क्रियाकलापहरु कहिले सम्पन्न गर्ने सोको विवरण प्रश्तुत गर्ने)

९. खण्ड (क) मा उल्लेखित सम्पुर्ण कागजातहरु यसै प्राविधिक प्रश्तावको साथमा पेश गर्नुपर्ने छ ।

### ग. प्रश्ताव सम्बन्धि अन्य व्यवस्था

१. म्याद नाघि प्राप्त भएको प्रस्ताव पत्र उपर कुनै कारवाहि हुने छैन ।

CamScanner